# कााँक्रेविहार

कर्णाली प्रदेशको पहिलो दैनिक

राष्ट्रिय दैनिक

www .kankrebihar .com

❑ वर्ष : २५ ❑ अंक : २६१ ❑ शुक्रवार, १९ असार, २०८३ ❑ Friday, 3 July 2026 ❑ नेपाल संवत ११४६ ❑ पृष्ठ : ४ ❑ मूल्य : रू. १०



कााँक्रेविहार राष्ट्रिय दैनिक

नियमित नआएमा

९८५-१३४४७५४



ग्राहक बन्नु परेमा


# फोर्स गाडी कर्णाली नदिमा खस्यो, बाढीले उद्धारमा सास्ती

❑ कााँक्रेविहार संवाददाता
सुर्खेत, १८ असार

कर्णाली राजमार्ग अन्तर्गत दैलेखको साङ्गेतडा सडक खण्डमा बिहीबार मध्याह्न फोर्स गाडी दुर्घटना भएको छ। सुर्खेतबाट कालिकोटतर्फ जाँदै गरेको क.प्र. ०२-००१ ख १०५५ नम्बरको यात्रुवाहक फोर्स गाडी चामुण्डाबिन्द्रासैनी नगरपालिका-७ साङगेतडास्थित सडकबाट करिब ४०० मिटर तल खसेर कर्णाली नदीमा बेपत्ता भएको हो। बर्खाका कारण नदीमा पानीको सतह अत्यधिक बढेको र गाडी पूर्ण रूपमा पानीमुनि डुबेकाले उद्धार कार्यमा चुनौती थपिएको छ।





जिल्ला प्रहरी कार्यालय दैलेखका प्रमुख एवं प्रहरी नायब उपरीक्षक श्रवणकुमार विकका अनुसार गाडी नदीमा नदेखिने गरी डुबेकाले खोजी कार्य जटिल बनेको छ। दुर्घटनास्थल दैलेख पाल्तडा प्रहरी चौकीबाट तीन किलोमिटर उत्तर र जिल्ला सदरमुकामबाट ५० किलोमिटर पश्चिमतर्फको कठिन भूगोलमा अवस्थित छ। नदीको बहाव तीव्र भएकाले सुरक्षाकर्मीहरूलाई पानीभित्र पसेर गाडीको स्थिति पत्ता लगाउन समस्या परेको हो।

## यात्रु संख्या अझै अनिश्चित

गाडी सडकबाट नदीमा खस्ने क्रममा भीरमा अचेत अवस्थामा अड्किएका नाम, थर र वतन नखुलेका एक पुरुषलाई सुरक्षाकर्मीले जीवितै उद्धार गर्न सफल भएका छन्। सुर्खेत बसपार्कबाट बिहिबार बिहान ८:०० बजे छुट्दा गाडीमा चालकसहित पाँच जना सवार रहेको चलानी देखिए पनि बीच बाटोमा अन्य यात्रु थपिएका थिए वा थिएनन् भन्ने कुरा अझै यकिन हुन सकेको छैन। वास्तविक तथ्याङ्क नहुँदा नदीमा कति यात्रु बेपत्ता छन् भन्ने कुरा अस्पष्ट नै छ।

## घटनास्थलमा गोताखोरसहितको संयुक्त टोली परिचालन

दुर्घटनाको खबर पाउनासाथ नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल गुल्म दैलेख र माथिल्लो कर्णाली जलविद्युत् आयोजना सुरक्षा बेसको संयुक्त टोली आवश्यक उद्धार सामग्रीसहित घटनास्थलमा खटिएको छ।

यसका साथै, कर्णाली प्रदेश प्रहरी कार्यालयका प्रमुख प्रहरी नायब महानिरीक्षक जयराज सापकोटाको नेतृत्वमा गोताखोरको विशेष टोली पनि सुर्खेतबाट घटनास्थलतर्फ प्रस्थान गरिसकेको र खोजी कार्य भइरहेको दैलेख प्रहरीले जनाएको छ।

## 'राजमार्ग' कि मृत्युको पासो ?

यो दुर्घटनाले कर्णाली राजमार्गको वर्षौं पुरानो डरलाग्दो यथार्थलाई पुनः ब्युँताइदिएको छ। स्थानीय राम बहादुर शाहीका अनुसार यो सडक सधैँ 'मृत्युमार्ग' साबित हुँदै आएको छ। प्रत्येक दुर्घटनापछि सरकार फेरिन्छ, आश्वासनका चाङ बाँडिन्छन्, तर राजमार्गको दुरावस्था बदलिँदैन। राजनीतिक दलहरूले यस सडकलाई चुनावी नारा त बनाउँछन्, तर सत्तामा पुगेपछि कर्णालीका नागरिकको जीवन रक्षा गर्ने सवाल उनीहरूको प्राथमिकतामा पर्दैन।

उता नयाँ सरकार गठन भएको १ सय दिन पुग लागेको छ। तर पनि कर्णाली राजमार्गलाई सुरक्षित बनाउनेतर्फ कुनै ठोस कदम चालिएको छैन। यो राजमार्गको जग कमजोर र पहिरोजन्य भूगोलमा रहेकाले अब टालटुले मर्मत गरेर मात्र पुग्दैन। विज्ञ टोलीद्वारा यस क्षेत्रको गहिरो भू-गर्भीय र प्राविधिक अध्ययन गरी सडकको नयाँ एलाइनमेन्ट र दीर्घकालीन गुरुयोजना तय गरिनु अनिवार्य भइसकेको छ।

## सडक विस्तार र आधुनिक क्र्यास ब्यारियरको अपरिहार्यता

राजमार्गका अत्यधिक जोखिमपूर्ण खण्डहरू, साँघुरा सडक र 'ब्लाइन्ड स्पट' (अन्धा घुम्तीहरू) लाई तत्काल फराकिलो बनाई राष्ट्रिय राजमार्गको वास्तविक मापदण्डमा ल्याउनुपर्छ।

सडकको छेउमै रहेका गहिरा भीर र नदी किनारहरूमा अत्याधुनिक 'क्र्यास ब्यारियर' वा बलिया सुरक्षा पर्खालहरू लगाउनु पर्छ, जसले गाडी अनियन्त्रित हुँदा पनि सिधै नदीमा खस्नबाट रोक्न सकोस्। यस्तै राजमार्गमा उद्धार केन्द्रको आवश्यकता छ।

यति लामो र भौगोलिक रूपमा विकट मार्गको बीच भागमा चौबीसै घण्टा तयारी अवस्थामा रहने गरी आधुनिक उपकरण, गोताखोर र मेडिकल टोलीसहितको 'द्रुत उद्धार केन्द्र' स्थापना गर्न ढिला भइसकेको छ। जबसम्म सरकारले बजेट र दृढ इच्छाशक्तिसहित यो सडक खण्डको पुनर्संरचना गर्दैन, तबसम्म कर्णालीमा रगत बग्ने शृंखला रोकिने छैन। यसतर्फ नयाँ सरकारले विशेष ध्यान दिन जरुरी छ।

# पर्यटन गतिविधिमा नेपालीले गर्छन् साढे चार खर्ब खर्च

❑ कााँक्रेविहार संवाददाता
काठमाडौं, १८ असार

नेपाली घरपरिवारले पर्यटनसम्बन्धी गतिविधिमा वर्षमा साढे चार खर्ब खर्च गर्ने गरेको पाइएको छ। राष्ट्रिय तथ्याङ्क कार्यालयले सार्वजनिक गरेको 'आन्तरिक पर्यटन सर्वेक्षण २०८१/८२' मा यसबारे उल्लेख छ।

नेपालमा आन्तरिक पर्यटनको अवस्था, खर्चको ढाँचा र अर्थतन्त्रमा यस क्षेत्रको योगदान मापन गर्ने उद्देश्यले पहिलो पटक राष्ट्रिय स्तरमा विस्तृत सर्वेक्षण गरिएको हो। पर्यटन स्याटलाइट लेखाको अन्तर्राष्ट्रिय अवधारणामा आधारित सर्वेक्षणले आन्तरिक तथा वाह्य पर्यटनका विविध पक्षहरूलाई समेटेको छ ।

सर्वेक्षणअनुसार, नेपालका कुल ६९ लाख १० हजार घरपरिवारमध्ये ५२.४ प्रतिशत (करिब ३६ लाख २१ हजार) घरपरिवारले सन्दर्भ अवधिमा कम्तीमा एक पटक पर्यटकीय गतिविधिमा सहभागिता जनाएको बताएका छन्। पर्यटक घरपरिवारको औसत सदस्य संख्या ३.९४ रहेको तथ्यांक कार्यालयका प्रमुख तथ्यांक अधिकारी डा. कमलप्रसाद पोखरेलले बताए।

यस्तै, पर्यटनमा ग्रामिण क्षेत्रको हिस्सा शहरी क्षेत्रको तुलनामा बढी देखिएको पनि पोखरेलले बताए। यो रिपोर्टले प्रदेश सरकारलाई समेत पर्यटन नीति निर्माण गर्न उपयोगी हुने उनको भनाइ छ।

'प्रदेश सरकारलाई पनि पर्यटनसम्बन्धी नीति निर्माण तय गर्नलाई व्यवसायीलाई पनि त्यत्तिकै उपयोगी हुने र अन्य अध्ययन बाँकी पृष्ठ २

# बर्दियाबाट सुरू भयो लालपुर्जा वितरण अभियान

❑ कााँक्रेविहार संवाददाता
काठमाडौं, १८ असार

भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले बिहीवारदेखि बर्दियाबाट जग्गाधनी प्रमाणपुर्जा (लालपुर्जा) वितरण अभियान सुरु गरेको छ।

बर्दियाको बढैयाताल गाउँपालिका-४ का २९ जना भूमिहीन दलित तथा भूमिहीन सुकुमवासी परिवारलाई लालपुर्जा उपलब्ध गराएको हो।




भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको समस्या दीर्घकालीन रूपमा समाधान गर्दै उनीहरूलाई कानुनी रूपमा जग्गाधनी बनाउने सरकारको लक्ष्यअनुसार लालपुर्जा वितरणलाई थप प्रभावकारी रूपमा अघि बढाइने भूमि व्यवस्था मन्त्रालयले जनाएको छ।

मन्त्री प्रतिभा रावलले भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीको समस्या समाधानलाई सरकारले उच्च प्राथमिकतामा राखेको बताइन्।

उनले बर्दियाबाट सुरु भएको लालपुर्जा वितरणलाई क्रमशः देशभर विस्तार गर्दै वास्तविक भूमिहीन नागरिकलाई जग्गाको कानुनी स्वामित्व दिलाइने बताइन्।

# बजेट विवादले तात्यो कर्णाली प्रदेशसभा

❑ कााँक्रेविहार संवाददाता
सुर्खेत, १८ असार

आगामी आर्थिक वर्षको बजेटलाई लिएर कर्णाली प्रदेशसभामा सत्ता प्रतिपक्षबीचको विवाद थप चर्किएको छ। बिहीबार बसेको प्रदेशसभा बैठक विपक्षी दलहरूको अवरोधका कारण प्रभावित बनेपछि बजेट पारित प्रक्रिया अन्योलमा परेको छ। प्रदेश सभामुख नन्दा गुरुङले नियमित कार्यसूचीअनुसार बैठक सञ्चालन गर्न खोजे पनि प्रमुख प्रतिपक्षी दल नेकपा (माओवादी केन्द्र), राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) तथा पूर्वमुख्यमन्त्री राजकुमार शर्माले विरोध जनाउँदै बैठक अवरुद्ध गरेका हुन्। विपक्षी प्रदेश सांसदहरू सभामुखको आसन अगाडि



पुगेर विरोधमा उत्रिएपछि केहीबेर धकेलाधकेलको अवस्था समेत सिर्जना भएको थियो।

विरोधका कारण आर्थिक मामिला तथा योजना मन्त्री राजीवविक्रम शाहलाई बजेटसम्बन्धी कार्यसूची प्रस्तुत गर्न रोस्ट्रमसम्म पुग्न दिइएन। त्यसपछि सभामुखले बैठक आधा घण्टाका लागि स्थगित गरिन्। तर पनि सहमति जुट्न नसक्दा बैठक अनिश्चित बनेको छ।

**यी हुन् विपक्षीका मुख्य असन्तुष्टि**

- 'रातो किताब' सार्वजनिक नगरी बजेट अघि बढाइएको आरोप
- लोकप्रिय 'छोरी बैंक खाता' कार्यक्रम हटाइएको भन्दै विरोध
- कार्यविभाजन
- नियमावलीविपरीत मन्त्रीहरूले योजना समावेश गरेको दाबी
- नेताका नाममा प्रतिष्ठान, स्मृति भवन र धार्मिक संरचनामा बजेट विनियोजनको विरोध
- विवादित योजना संशोधन नगरेसम्म बजेट पारित हुन नदिने अडान
- 'अवरोध अस्वाभाविक र संसदीय मर्यादाविपरीत'

सरकारका प्रवक्ता विनोदकुमार शाहले विपक्षीको गतिविधिलाई अस्वाभाविक र संसदीय अभ्यासविपरीत भएको टिप्पणी गरेका छन्। उनका अनुसार प्रदेश सरकारले विपक्षीका सुझाव सुन्ने र आवश्यक विषयमा छलफल गर्न तयार हुँदाहुँदै सदन अवरुद्ध गर्नु उचित होइन। उनले बाँकी पृष्ठ २

## सम्पादकीय

# लगानीकर्तालाई सार्थकता देऊ

कर्णाली प्रदेश सरकारले 'अर्गानिक प्रदेश' बनाउने महत्वाकांक्षी लक्ष्यका साथ सल्यानको कपुरकोट र सुर्खेतको हर्रेमा विषादी परीक्षण प्रयोगशाला निर्माण गऱ्यो। उद्देश्य राम्रो थियो । बजारमा भित्रिने तरकारी तथा फलफूलमा विषादी परीक्षण गरी उपभोक्तालाई सुरक्षित खाद्य सुनिश्चित गर्ने । तर, छ वर्ष बितिसक्दा पनि करोडौँ रूपैयाँ खर्चेर निर्माण गरिएका ती प्रयोगशालाबाट सेवा सुरू हुन सकेको छैन । यो अवस्था केवल एउटा आयोजना अलपत्र परेको घटना होइन, योजना निर्माण र कार्यान्वयनबीचको गम्भीर असन्तुलनको उदाहरण हो । आज बजारमा विषादीयुक्त तरकारी र फलफूलका समाचार नियमितजस्तै आइरहेका छन् । यस्तो अवस्थामा उपभोक्ताको स्वास्थ्य सुरक्षा सुनिश्चित गर्ने सबैभन्दा प्रभावकारी माध्यम भनेकै विषादी परीक्षण हो । तर कर्णालीका नाकामा त्यही परीक्षण गर्ने संरचना ताला लगाएर राखिएको छ । भवन छन्, उपकरण छन्, तर सेवा छैन । यसको अर्थ राज्यले पूर्वाधार निर्माणलाई उपलब्धि माने पनि त्यसलाई सञ्चालन गर्ने जिम्मेवारी पूरा गर्न सकेको छैन ।

अझ विडम्बना त के छ भने प्रयोगशालाका लागि करोडौँ रूपैयाँका उपकरण खरिद गरिएर गोदाममा थन्किएका छन्। समयमै प्रयोगमा नआउँदा ती उपकरणको गुणस्तरमा असर पर्ने जोखिम छ । जनशक्ति व्यवस्थापन, संगठन तथा व्यवस्थापन सर्वेक्षण (ओ एन्ड एम), होल्डिङ सेन्टर निर्माणलगायत आधारभूत विषय टुंगो नलाग्दै भवन निर्माण गर्नु योजनाविहीन लगानीको स्पष्ट उदाहरण हो । कुनै पनि विकास आयोजनामा भौतिक संरचना निर्माणभन्दा त्यसको सञ्चालन र दिगोपनाको सुनिश्चितता पहिलो सर्त हुनुपर्छ । कर्णालीमा भने यसको ठीक उल्टो अभ्यास दोहोरिएको छ । प्रदेश सरकारले आगामी बजेटमा प्रयोगशाला सञ्चालन गर्ने घोषणा गरेको छ । तर, घोषणा मात्र पर्याप्त हुँदैन । विगतमा पनि यस्ता प्रतिबद्धता दोहोरिएका छन्, तर परिणाम शून्य रह्यो। त्यसैले अब नागरिकले नयाँ घोषणा होइन, सञ्चालनमा आएको प्रयोगशाला हेर्न चाहेका छन् । राज्यको विश्वसनीयता भाषणले होइन, कार्यान्वयनले स्थापित हुन्छ ।

उपभोक्ताको स्वास्थ्यसँग जोडिएको विषयमा ढिलासुस्ती स्वीकार्य हुन सक्दैन । बजारमा भित्रिने कृषि उपज सुरक्षित छ कि छैन भन्ने परीक्षण गर्ने संयन्त्र नै निष्क्रिय रहनु गम्भीर लापरबाही हो । यसले एकातिर उपभोक्तालाई जोखिममा पारिरहेको छ भने अर्कोतिर राज्यको करोडौँ रूपैयाँ लगानी निष्प्रभावी बनाइरहेको छ । अब प्रदेश सरकारले नयाँ भवन र नयाँ योजना घोषणा गर्नु अघि बनेका संरचना सञ्चालनमा ल्याउनेतर्फ प्राथमिकता दिनुपर्छ । आवश्यक जनशक्ति व्यवस्थापन, उपकरण जडान, होल्डिङ सेन्टर निर्माण र स्पष्ट कार्ययोजनासहित प्रयोगशाला तत्काल सञ्चालनमा ल्याउन सकिए मात्र लगानीले सार्थकता पाउनेछ । अन्यथा, कपुरकोट र हर्रेका यी प्रयोगशाला पनि कर्णालीका अधुरा सपना र असफल योजनाको अर्को प्रतीक बनेर रहनेछन् ।

# नागरिकलाई न्याय दिलाउन स्थानीय अदालत आवश्यक छ



**नन्दाकुमारी थापा**

**न्यायिक निकाय स्थानीय तहमा हुनुको सबैभन्दा ठुलो लाभ नागरिकलाई हुने भौगोलिक सहजता हो । सामान्य न्यायका लागि पनि जिल्ला सदरमुकाम वा ठुला सहर धाउनुपर्ने बाध्यताको अन्त्य स्थानिय अदालतले मात्र गर्न सक्छ ।**

नेपालको संविधानको अनुसूची ८ ले स्थानीय तहको एकल अधिकार अन्तर्गत स्थानीय विवाद समाधानका लागि न्यायिक समितिको व्यवस्था गरेको छ। संघीयताको मर्म अनुसार न्यायलाई नागरिकको घरदैलोसम्म पुऱ्याउनु यसको मुख्य उद्देश्य हो । संविधानले स्थानीय अदालत गठनको व्यवस्था गरेको छ तर हाल स्थानीय तहमा उपप्रमुख वा उपाध्यक्षको संयोजकत्वमा रहेका न्यायिक समितिले धेरैजसो विवादहरू मेलमिलापका माध्यमबाट टुङ्ग्याइरहेका छन् । तर, न्याय सम्पादनलाई अझ प्रभावकारी, व्यवस्थित र कानुनी रूपमा बलियो बनाउन अब 'स्थानीय अदालत'कै अवधारणामा जानु आवश्यक महसुस गरिएको छ।

न्यायिक निकाय स्थानीय तहमा हुनुको सबैभन्दा ठुलो लाभ नागरिकलाई हुने भौगोलिक सहजता हो। सामान्य न्यायका लागि पनि जिल्ला सदरमुकाम वा ठुला सहर धाउनुपर्ने बाध्यताको अन्त्य स्थानीय अदालतले मात्र गर्न सक्छ।

विशेषगरी पहुँचभन्दा बाहिर रहेका सीमान्तकृत, विपन्न र पछाडि पारिएका समुदाय, जो न्यायका लागि हुने खर्च र प्रक्रियाकै कारण हिंसा सहेर बस्न बाध्य छन्, उनीहरूका लागि स्थानीय अदालत एउटा भरोसाको केन्द्र बन्न सक्छ । आर्थिक अभावमा न्यायबाट वञ्चित हुनुपर्ने अवस्थाको अन्त्यका लागि गाउँमै न्याय पाउनु अपरिहार्य छ।

२०७२ सालमा संविधान त बन्यो तर, स्थानीय अदालत गठनको विषय भने सधैँ गौण बनिरहेको छ। स्थानीय तहमा उपप्रमुखले धेरै विषयको विवाद मिलाउन सक्ने अवस्था हुँदैन। साना तिना समस्या मात्रै न्यायिक समितिले हल गर्ने हो। पहिला सानो विषय पनि अदालत पुग्थ्यो भने न्यायिक समिति बसेर मेलमिलापमा जान सक्ने विषय मात्रै हल हुने मात्रै हो। अदालतको जस्तो न्यायिक निर्णय गर्ने अधिकार भने न्यायिक समितिलाई छैन।

न्यायिक समितिका कारण स्थानीयस्तरमै विवाद समाधान हुँदा नागरिकको यातायात, कानुनी सल्लाहकार र अन्य प्रशासनिक खर्चमा ठुलो बचत भइरहेको छ। अदालती प्रक्रियाहरू लामो हुँदा समय र पैसाको मात्र होइन, मानवीय सम्बन्धको पनि क्षति भइरहेको हुन्छ । ढिलोगरी पाइने न्यायले कतिपय अवस्थामा तिक्तता बढाउँछ।

उदाहरणका लागि, सम्बन्ध विच्छेदका मुद्दाहरू वडास्तरमै मेलमिलापकर्ताको पहलमा सुल्झिँदा धेरै परिवार पुनर्मिलन भएका छन्, तर त्यही मुद्दा जिल्ला अदालत पुगेपछि प्रायः सम्बन्ध विच्छेदकै मोडमा पुग्छन् । त्यसैले छिटो र स्थानीय स्तरको न्यायले सामाजिक सद्भाव कायम राख्न मद्दत गर्छ।

स्थानीय तहको न्यायिक कार्यसम्पादनमा नयाँ अभ्यासहरू पनि थपिन थालेका छन् । जस्तै, बाजुराको बडिमालिका नगरपालिकामा प्रभावितको मानसिक स्वास्थ्य र मनोसामाजिक परामर्शका लागि सामाजिक मनोविमर्शकर्ता परिचालन गरिएको छ।

यसले गर्दा धेरै पीडितहरू खुलेर आफ्ना समस्या लिएर न्यायिक समितिमा आउने वातावरण बनेको छ । वडा सदस्य र टोलका प्रतिनिधिहरूको सहयोगले गर्दा विवाद समाधानमा सहजता आएको छ, जसले समाजमा एकता र मेलमिलाप बढाएको छ।

न्याय समितिले गर्ने भनेको यि नै विषय मात्रै हो । तर, हामीलाई अदालतको जस्तो अन्य क्षेत्राधिकार हुँदैन। यदि स्थानीय अदालत गठन भएको हुन्थ्यो भने नागरिकले घरदैलोमा सहज रुपमा न्यायको अनुभुती गर्न पाउँथे। अहिलेको न्यायिक समितिले जति काम गरेका छौ त्यति मात्रै पर्याप्त छैन। सानो विषयमा पनि जिल्ला अदालत धाउनुपर्ने बाध्यता नागरिकलाई छ। कानुन बनाएर स्थानीय अदालत गठन भएमा न्यायको खोजीमा जिल्ला धाउनु पर्दैनथ्यो।

यदि सामान्य प्रकृतिका स्थानीय विवादहरू स्थानीय स्तरमै समाधान हुने हो भने जिल्ला, उच्च र सर्वोच्च अदालतमा मुद्दाको चाप निकै घट्नेछ। यसले गर्दा माथिल्ला अदालतहरूलाई जटिल र गम्भीर प्रकृतिका मुद्दाहरूमा केन्द्रित हुन समय मिल्नेछ र समग्र न्याय प्रणाली नै सुदृढ हुनेछ।

केही चुनौती छन्

स्थानीय न्यायिक समितिका सामु अहिले केही गम्भीर चुनौतीहरू छन् । सबैभन्दा मुख्य समस्या भनेको दक्ष कानुनी जनशक्तिको अभाव हो । जननिर्वाचित प्रतिनिधि र अन्य कर्मचारीलाई मात्र न्याय सम्पादनको जिम्मेवारी दिँदा कार्यसम्पादनमा जटिलता देखिएको छ। कर्मचारीहरू 'आफ्नो विषय क्षेत्र नभएको' भन्दै पन्छिने अवस्थामा छन्। स्थानीय अदालत गठन भएको हुन्थ्यो भने न्यायिक समितिले गर्ने सानो तिनो विवादको विषय अदालतमा पुग्थे।

विडम्बनाको कुरा, स्थानीय तहमा न्यायिक निकाय वा अदालत गठन गर्ने सन्दर्भमा संघीय र प्रदेश सरकारको भूमिका गौण देखिन्छ। नीति तथा कार्यक्रमहरूमा यसलाई प्राथमिकता दिइएको छैन । सुदूरपश्चिमका ८८ वटा पालिकाका उपप्रमुखहरूले भेला भएर न्यायिक समितिको सचिवालयमा कानुनी सल्लाहकारको दरबन्दी माग गर्दा पनि अहिलेसम्म सुनुवाइ भएको छैन। संघीय सरकार स्थानीय तहको न्यायिक सुदृढीकरणमा जोडिन नसक्नु दुखद पक्ष हो।

स्थानीय अदालत वा न्यायिक समितिको सुदृढीकरण भनेको केवल विवाद समाधान होइन, यो त नागरिकको स्थानीय सरकारप्रतिको विश्वास र कानुनी शासनको जग हो। न्यायलाई सरल, सहज र नागरिकमैत्री बनाउनका लागि स्थानीय स्तरमा कानुनी सल्लाहकारको व्यवस्था गर्दै स्थानीय अदालतको परिकल्पनालाई मूर्त रूप दिनु आजको आवश्यकता हो । यसले मात्र स्थानीय सरकारलाई वास्तवमै जिम्मेवार, उत्तरदायी र जनमुखी बनाउनेछ।

नन्दकुमारी थापा बडिमालिका नगरपालिका (बाजुरा) की उपप्रमुख हुन्।

# डढेलोको असरले सुक्न थाले रूख

कॉंक्रेविहार संवाददाता
कालीकोट, १८ असार



केही समयअघि लागेको वनडढेलोका कारण कालीकोटका विभिन्न सामुदायिक तथा राष्ट्रिय वनमा रहेका रुख नराम्रोसँग सुक्न थालेका छन्। डढेलोले रुखको बोक्रा, हाँगा र जरामा क्षति पुऱ्याएपछि हराभरा देखिने रुख बिस्तारै सुक्दै गएका हुन्। सदरमुकाम मान्मको देउले वनक्षेत्रमा रहेका सल्ला तथा अन्य प्रजातिका रुखका पात खैरो बन्दै झर्न थालेका छन् भने केही रुख पूर्ण रूपमा सुकेका छन्। डढेलोपछि वनको हरियाली हराउँदै जाँदा जैविक विविधता, वन्यजन्तुको वासस्थान र वातावरणीय सन्तुलनमा समेत नकारात्मक असर परेको स्थानीयको भनाइ छ। नेपाल पत्रकार महासङ्घ कालीकोटका अध्यक्ष भरतराज विष्टले वनडढेलोका कारण साना बिरुवा नष्ट हुनुका साथै वन पुनर्जीवन प्रक्रियासमेत प्रभावित भएको बताए। भविष्यमा काठ, घाँसदाउरा तथा अन्य वनजन्य स्रोतको उत्पादनमा समेत असर पर्ने उनको भनाइ छ। हामीले सधैँ हेर्ने वनमा फागुनमा आगो लाग्यो, सदरमुकामनजिकै भए पनि सुरक्षा निकाय, वन डिभिजन कार्यालय र स्वयम् हामीले केही गर्न सकेनौँ। उनले भने, "त्यसको असर अहिले आएर देखियो। यति हराभरा वन अहिले हेर्दा हेर्दै पूरै सुकिरहेको छ।"

स्थानीय मानवहादुर गिरीले वनमा आगलागी नियन्त्रण, जनचेतना अभिवृद्धि र डढेलोबाट प्रभावित क्षेत्रमा पुनः वृक्षरोपण कार्यक्रम सञ्चालन गर्न सम्बन्धित निकायसँग माग गरे। समयमै प्रभावकारी कदम चाल्न नसके वनक्षेत्र थप क्षयीकरण हुने र वातावरणीय जोखिम बढ्ने जनवायुविज्ञको बुझाइ छ।

डिभिजन वन कार्यालय कालीकोटका कर्मचारी भक्तिप्रसाद पाण्डेका अनुसार डढेलोपछि बाहिरबाट हरियो देखिएका रुख पनि केही महिनापछि सुक्ने सम्भावना रहन्छ। त्यसैले प्रभावित वनको नियमित अनुगमन, संरक्षण र पुनर्स्थापनाका कार्यक्रम तत्काल अघि बढाउन आवश्यक देखिएको उनको भनाइ छ ।

## पर्यटन...

शोधकर्तालाई पनि एउटा शोध सामग्रीको रूपमा यसले काम गर्न सक्ने मैले महसूस गरेको छु,' उनले भने ।

आन्तरिक भ्रमणमा 'एकै दिन फर्किने' पर्यटकको मुख्य उद्देश्य किनमेल (३२.६ प्रतिशत) रहेको पाइएको छ भने स्वास्थ्य उपचार र आफन्त भेटघाट समान २०.१ प्रतिशत रहेको छ। 'रात बिताउने' पर्यटकको हकमा भने ६५.५ प्रतिशतले साथीभाइ तथा आफन्त भेटघाटलाई मुख्य उद्देश्य बनाएको देखिएको पोखरेलले बताए। रात बिताउने आन्तरिक भ्रमणको औसत अवधि ५.३३ दिन र वार्षिक औसत भ्रमण आवृत्ति ४.८१ पटक रहेको छ। प्रदेशगत रूपमा सुदूरपश्चिम र मधेश प्रदेशमा औसत बसाइ अवधि सबैभन्दा लामो (८.१८ दिन) पाइएको छ भने भ्रमण आवृत्तिका हिसाबले गण्डकी प्रदेश (६.२६ पटक) अगाडि रहेको छ। आन्तरिक पर्यटनका लागि काठमाडौं, चितवन र कास्की प्रमुख गन्तव्य जिल्लाका रूपमा देखिएका छन्। जसमा मनोरञ्जनका लागि कास्की सबैभन्दा लोकप्रिय रहेको छ । पर्यटकीय गतिविधिमा युवा पुस्ताको आकर्षण बढी देखिएको छ। आन्तरिक पर्यटकमध्ये २६.६ प्रतिशत जेनजी समूहका रहेका छन्। उमेर बढ्दै जाँदा भ्रमण गर्ने दरमा क्रमिक रूपमा कमी आएको सर्वेक्षणले देखाएको छ। यस्तै, नेपालीले गर्ने वाह्य भ्रमणको उद्देश्यमा मुख्यतया किनमेल र धार्मिक यात्रा देखिएको प्रमुख तथ्यांक अधिकारी पोखरेलले जानकारी दिए।

## बजेट...

प्रदेश सांसदहरूले योजना सिफारिस गर्ने प्रक्रिया स्वाभाविक भएको उल्लेख गर्दै बजेटमाथि छलफल नै हुन नदिनु लोकतान्त्रिक अभ्याससँग मेल नखाने बताए । प्रवक्ता शाहले प्रदेशसभा जनताका विषयमा बहस गर्ने र सरकारलाई जवाफदेही बनाउने थलो भएको उल्लेख गर्दै मन्त्रीको बाटो छेक्ने, कुर्सी पल्टाउने र सभामुखलाई अवरोध गर्ने गतिविधिले संसदीय मर्यादा कमजोर बनाएको बताए। उनका अनुसार सरकारले आर्थिक विधेयकमाथि छलफलका क्रममा विपक्षीका सबै धारणा सुन्ने प्रतिबद्धता जनाएको थियो। तर छलफलमै प्रवेश गर्न नदिँदा बजेट प्रक्रिया नै प्रभावित भएको उनको भनाइ छ।

## राष्ट्रिय विज्ञापन नीति स्वीकृत :

# डिजिटल विज्ञापनदेखि 'डीपफेक' सम्म नियमन, भ्रम छरे क्षतिपूर्ति




काँक्रेविहार संवाददाता
काठमाडौं, १८ असार

विज्ञापन क्षेत्रलाई व्यवस्थित, पारदर्शी, उत्तरदायी र आधुनिक प्रविधिअनुकूल बनाउने उद्देश्यसहित सरकारले 'राष्ट्रिय विज्ञापन नीति, २०८३' स्वीकृत गरेको छ। मन्त्रिपरिषद्को बिहीबार बसेको बैठकले स्वीकृत गरेको उक्त नीतिले परम्परागत सञ्चारमाध्यमसँगै सामाजिक सञ्जाल, डिजिटल प्लेटफर्म, इन्फ्लुएन्सर मार्केटिङ तथा कृत्रिम बौद्धिकता (एआई) को प्रयोगबाट हुने विज्ञापनलाई समेत नियमनको दायरामा ल्याउनुपर्ने आवश्यकता औंल्याएको छ।

सरकारले विज्ञापन बजारमा बढ्दो अन्तर्राष्ट्रिय प्रतिस्पर्धा, बहुराष्ट्रिय कम्पनीको प्रभाव, डिजिटल प्रविधिको तीव्र विस्तार तथा उपभोक्तालाई सही सूचना उपलब्ध गराउने आवश्यकतालाई ध्यानमा राख्दै नयाँ नीति ल्याएको हो। नीतिमा स्थानीय उत्पादनको प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि, विज्ञापन क्षेत्रबाट रोजगारी सिर्जना, राजस्व वृद्धि, उपभोक्ताको अधिकार संरक्षण तथा अश्लील, हिंसात्मक, लैङ्गिक विभेदपूर्ण र बालबालिकामाथिनकारात्मक असर पार्ने सामग्री नियन्त्रण गरिने उल्लेख छ।
साथै तथ्यहीन र भ्रामक विज्ञापनलाई कारबाहीको दायरामा ल्याउने तथा त्यसबाट उपभोक्तालाई क्षति पुगे क्षतिपूर्तिको व्यवस्था गर्ने गरिने पनि नीतिमा उल्लेख छ।

सरकारले आगामी पाँच वर्षभित्र कुल गार्हस्थ उत्पादन (जीडीपी) मा विज्ञापन क्षेत्रको योगदान उल्लेख्य वृद्धि गर्ने लक्ष्य लिएको छ। विज्ञापन क्षेत्रको विकास तथा विस्तार, व्यवसायलाई स्वच्छ, प्रतिस्पर्धी, मर्यादित र पारदर्शी बनाउने तथा उपभोक्ताले गुणस्तरीय वस्तु तथा सेवा छनोट गर्न पाउने अधिकार सुनिश्चित गर्ने नीति अपनाइएको छ। यसका लागि विज्ञापन बजार विस्तार, सञ्चारमाध्यमको वैज्ञानिक वर्गीकरण, विज्ञापनको प्रभावकारी अनुगमन तथा नियमन, सरोकारवालाबीच समन्वय र संस्थागत संरचना निर्माणलाई प्राथमिकतामा राखिएको छ।

नीतिअनुसार स्वदेशी वस्तु तथा सेवाको विज्ञापनलाई विशेष सहुलियत प्रदान गर्ने तथा विदेशी वस्तु तथा सेवा बिक्री गर्ने कम्पनीलाई आफ्नो कारोबारको निश्चित हिस्सा उपभोक्ता सचेतना कार्यक्रममा खर्च गर्नुपर्ने व्यवस्था गरिने जनाइएको छ। विज्ञापनमा गरिएको लगानीलाई कर प्रणालीसँग जोड्ने, न्यूनतम मूल्य सार्वजनिक गर्न प्रोत्साहन गर्ने तथा विज्ञापनमा पछि परेका क्षेत्रलाई विशेष प्रोत्साहन उपलब्ध गराउने व्यवस्था पनि गरिने नीतिमा उल्लेख छ। सरकारले विज्ञापनलाई समाचारको रूपमा र समाचारलाई विज्ञापनको रूपमा प्रस्तुत गर्ने प्रवृत्तिलाई निरुत्साहित गर्ने नीति लिएको छ।

विज्ञापन दिएको वा नदिएको आधारमा सकारात्मक वा नकारात्मक समाचार प्रकाशन-प्रसारण हुने अवस्थालाई रोक्न आवश्यक कानुनी तथा नियामकीय व्यवस्था गरिने उल्लेख गरिएको छ। त्यस्तै, विज्ञापन खर्चका नाममा अन्य प्रवर्द्धनात्मक खर्च देखाउने अभ्यासलाई पनि अन्त्य गरिने नीति रहेको छ। नयाँ नीतिको सबैभन्दा महत्वपूर्ण पक्ष डिजिटल विज्ञापनको नियमन हो।

सरकारले सामाजिक सञ्जाल, डिजिटल प्लेटफर्म तथा इन्फ्लुएन्सरमार्फत गरिने विज्ञापनमा अनिवार्य स्वघोषणाको व्यवस्था गर्ने नीति लिएको छ। एआईबाट सिर्जना गरिएका 'डीपफेक' विज्ञापनलाई कानुनी रूपमा नियमन गरिने जनाइएको छ। भ्रामक, तथ्यहीन वा उपभोक्तालाई नकारात्मक असर पार्ने विज्ञापनमाथि कडा नियन्त्रण गरिनेछ। उपभोक्तालाई क्षति पुगेमा क्षतिपूर्तिको व्यवस्था गरिनेछ भने उपभोक्ताशिक्षा, जनचेतना तथा विज्ञापनसम्बन्धी तालिमलाई देशव्यापी बनाइने उल्लेख गरिएको छ।

विज्ञापनको गुणस्तर कायम गर्न स्वनियमन संयन्त्र, आचारसंहिता र कारबाही प्रणालीलाई प्रभावकारी बनाइने नीति सरकारले अघि सारेको छ। नीतिले सामाजिक न्यायलाई पनि विशेष प्राथमिकता दिएको छ। कुनै वर्ग, जातजाति, धर्म, भाषा, संस्कृति, समुदाय वा लिङ्गप्रति विभेद हुने विज्ञापन गर्न नपाइने व्यवस्था गरिनेछ। लैङ्गिक तथा यौनिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति तथा पिछडिएका समुदायको सम्मान हुने गरी विज्ञापन निर्माण गर्नुपर्ने व्यवस्था गरिएको छ।

साथै नेपालको सार्वभौमसत्ता, राष्ट्रिय झण्डा, राष्ट्रिय गान, राष्ट्रिय विभूति तथा धार्मिक सहिष्णुतामाथि आँच पुग्ने विज्ञापन पूर्ण रूपमा निषेध गरिने उल्लेख छ। विपद्, शोक वा संवेदनशील अवस्थालाई व्यापारिक प्रयोजनका लागि प्रयोग गर्न पनि रोक लगाइने भएको छ। सरकारी विज्ञापन वितरण प्रणालीमा समेत व्यापक सुधार गरिने नीति सरकारले लिएको छ। सरकारी विज्ञापन वितरण तथा भुक्तानी प्रक्रियालाई पारदर्शी बनाउन एकीकृत सूचना व्यवस्थापन प्रणाली विकास गरिनेछ। स्थानीय तथा प्रदेशस्तरका सूचना र विज्ञापन सोही तहका सञ्चारमाध्यममार्फत प्रकाशन तथा प्रसारण गर्ने व्यवस्था गरिनेछ भने जनहितका विज्ञापनलाई समानुपातिक र समन्यायिक ढङ्गले वितरण गरिने नीति छ।

स्थानीय भाषा, संस्कृति तथा समुदायमा आधारित सञ्चारमाध्यम संरक्षणका लागि समेत विज्ञापनमार्फत सहयोग गर्ने व्यवस्था मिलाइने भएको छ। संस्थागत व्यवस्थाअन्तर्गत संघ, प्रदेश र स्थानीय तहले संयुक्त रूपमा नीति कार्यान्वयन गर्नेछन्। विज्ञापन बोर्डलाई थप स्वायत्त, अधिकारसम्पन्न र स्रोतयुक्त निकायका रूपमा विकास गरिनेछ। प्रदेशमा विज्ञापन अनुगमन तथा नियमन समिति र स्थानीय तहमा पालिका विज्ञापन समिति गठन गर्न सकिने व्यवस्था गरिएको छ साथै विज्ञापनको अनुगमन, नियमन र स्वनियमनका लागि राष्ट्रिय विज्ञापन परिषद् गठन गरिने नीतिमा उल्लेख छ। विज्ञापन बजारलाई पारदर्शी बनाउन एकीकृत सूचना प्रणाली, सूचना बैंक तथा सञ्चारमाध्यमको वर्गीकरण र स्तरीकरणको व्यवस्था गरिनेछ।

नीति कार्यान्वयनका लागि विज्ञापनसम्बन्धी कानुन, नियमावली, आचारसंहिता तथा कार्यविधिमा व्यापक संशोधन गरिनेछ। विज्ञापन कोष स्थापना गरी सरकार, शुल्क, विज्ञापन कारोबार तथा विभिन्न निकायबाट प्राप्त रकम त्यसमा जम्मा गरिने व्यवस्था हुनेछ। उक्त कोषबाट विज्ञापन बजार विकास, अनुसन्धान, तथ्याङ्क प्रणाली, सूचना बैंक, सञ्चारमाध्यम वर्गीकरण, उपभोक्ता सचेतना तथा विज्ञापन व्यवसायीको क्षमता विकासका कार्यक्रम सञ्चालन गरिनेछन्। मन्त्रालयले प्रत्येक वर्ष नीतिको समीक्षा गर्ने र प्रत्येक पाँच वर्षमा नीति पुनरावलोकन गरिने व्यवस्था पनि गरिएको छ।

सरकारको यो नीति कार्यान्वयनमा आएपछि नेपालको विज्ञापन बजारमा डिजिटल नियमन, उपभोक्ता संरक्षण, सरकारी विज्ञापन वितरण, सञ्चारमाध्यमको वर्गीकरण, विज्ञापनको पारदर्शिता तथा विज्ञापन उद्योगको संस्थागत विकासमा उल्लेखनीय परिवर्तन आउने अपेक्षा गरिएको छ। विशेषगरी सामाजिक सञ्जाल र कृत्रिम बुद्धिमत्तामार्फत हुने विज्ञापनलाई पहिलो पटक स्पष्ट रूपमा नियमनको दायरामा ल्याउने व्यवस्थाले विज्ञापन बजारलाई नयाँ ढङ्गले पुनर्संरचना गर्ने आधार तयार गरेको हो।

# सार्वजनिक खरिद विधेयक, २०८३ पारित



काँक्रेविहार संवाददाता
काठमाडौं, १८ असार

प्रतिनिधिसभाबाट सार्वजनिक खरिद (दोस्रो संशोधन) विधेयक, २०८३ पारित भएको छ।

बिहीबार बसेको प्रतिनिधिसभा बैठकमा प्रधानमन्त्री बालेन्द्र शाहका तर्फबाट कानूनमन्त्री गौतमले गौतमले 'सार्वजनिक खरिद (दोस्रो संशोधन) विधेयक, २०८३ लाई पारित गरियोस्' भनी प्रस्ताव प्रस्तुत गरेकी थिइन्। बैठकले उक्त प्रस्ताव बहुमतले पारित गरेको हो।

त्यसअघि बैठकमा विधेयकमाथि परेका संशोधनमाथि छलफल भई निर्णयार्थ प्रस्तुत गरिएको थियो। संसद् अधिवेशन नचलेका समयमा सरकारले सार्वजनिक खरिदसम्बन्धी अध्यादेश जारी गरेको थियो। उक्त अध्यादेशलाई प्रतिस्थापन गर्न सरकारले ल्याएको सार्वजनिक खरिद (दोस्रो संशोधन) विधेयक संसदबाट पारित भएको हो।

# 'मुटुमाथि ढुंगा राखी' लेख्दा झन्डै मृत्युदण्ड !




काँक्रेविहार संवाददाता
काठमाडौं, १८ असार

**स्वर सम्राट नारायण गोपालको यो कालजयी गीत :**

*'आँखा छोपी नरोऊ भनी भन्नुपऱ्या छ*
*मुटुमाथि ढुंगा राखी हाँस्नु पऱ्या छ'*

यो गीत तपाईंले कुन मुडमा सुन्नु हुन्छ ? पक्कै उदास, विछोड र एक्लोपनमा। अझ ' नाइन्टिज किड'हरूको 'बेडटाइम प्लेलिस्ट'मा समेत यो गीत पर्छ।

यो गीतलाई गीत-संगीतमा भिजेकाहरू श्रृङ्गार रस र करुण रसको मिठो मिश्रण मान्छन्। अर्थात्, यस श्रृङ्गार रसले प्रेम र करुण रसले बिछोडको भाव बोकेको हुन्छ। यो गीतमा यही मिश्रित छ।

तर, यो गीतका स्रष्टा कालीप्रसाल रिजाल विरुद्ध यही रचनाको कारण मृत्युदण्डको माग गरिएको थियो। यसलाई 'विद्रोही गीत' भने ' उल्था' लगाइएको थियो। रेडियो नेपालमा बजाउन प्रतिबन्ध नै लाग्यो।

यो प्रसंगले तपाईंलाई 'मैले गलत भाव बुझेर यो गीत सुनिरहेको थिएँ त ?' भन्ने महसुस गराउन सक्छ। किनकि तपाईंले बिद्रोही मुडका लागि यो गीत सुनाइदिन आफ्नो इलेक्ट्रोनिक डिभाइसलाई फर्माइस गर्नु भएको थिएन।

कसरी बिद्रोही गीतमा रुपमा उल्था भयो त ?यसबारे गीतकार कालीप्रसाद रिजाललेस्पष्ट पार्दै प्रमुख कारण भनेका छन्, 'राजावादीको चरम अन्धभक्ति।'

गीतकार रिजाल पनि कमजोर पृष्ठभूमिका व्यक्ति थिएनन्। यो गीत विवादमा पर्दा सूचनाका विभागको सरकारी घुम्ने कुर्सीमा पुगिसकेका थिए। पछि उनले सरकारको सचिवको हैसियतमा अवकास लिए।

उनलाई मृत्युदण्डको माग राख्ने विषयमा 'राजतन्त्रमा अधिकार कुण्ठित गरिन्थ्यो' भन्ने तर्कलाई बढवा दिन्छ।

'बिद्रोही गीत' भनेर 'गलत दाबी' गरेको ' बिन्ती पत्र' राज दरबारमा बुझाइएकाले गीतकार रिजालले तनाव झेल्नु परेको हो।

बिन्ती पत्र लेख्नेलाई 'अल्ट्रा राजावादी'को संज्ञा दिँदै उनले प्रसंग सुनाए, 'त्यो बेला अल्ट्रा राजावादीहरू थिए। राजाभन्दा पनि बढी राजावादी थिए। गीत आएपछि एउटाले बिन्ती चढाएछ। 'मुटुमाथि ढुंगा राखी हाँस्नुपऱ्या छ' भन्ने लाइनलाई नेपाली हाँसेको तर मुटुमाथि ढुंगा राखेर हाँसेका छन् भनेर अर्थ लगाएछ सरकारी मान्छे भएकाले मृत्युदण्डसमेत माग गरिएको रहेछ।' गीतले नेपाली बाहिर रुपमा मात्रै हाँसेको अर्थ दिने दाबी गर्दै बिन्ती पत्रमा गीतकारलाई मृत्युदण्डको माग गरिएको हो। रिजाल भन्छन्, 'नेपाली हाँस्न सकेका छैनन् भन्नुलाई बिन्ती पत्रमा बिद्रोहका रुपमा उल्लेख गरिएको थियो।'

बिन्ती पत्रले राम्रै हल्ला खल्ला मच्चायो रिजाललाई पनि तनाब भयो। त्यस समय स्मरण गर्दै उनी भन्छन्, 'राज्यले गोप्य ठाउँमा लगेर सुट गऱ्यो भने गरेको गऱ्यै हुन्थ्यो। बाहिर ठूलो क्षति भयो भनेर वक्तव्य निकालिन्थ्यो।' तथापि, नेपालमा मृत्युदण्डको कानुनी व्यवस्था थिएन।

त्यहीमाथि सूचना विभागको निर्देशकको जागिर गुम्ने त्रास उनीमा छँदै थियो। हुन त ज्यानभन्दा ठूलो जागिर होइन। तर, ज्यान बचेर जागिर मात्रै गयो भने पनि चिन्ताकै विषय हो नि।

तर, राजदरबारले कुनै एक्सन लिएन। बरु दरबारले बिन्ती पत्रबारे छानबिन गर्न ' जाँचबुझ केन्द्र'लाई जिम्मेवारी दियो। रिजाल थप्छन्, 'जाँचबुझ आयोग पनि यो विवादबाट पन्छियो। केन्द्रले विशेषज्ञले हेर्नुपर्ने विषय भनेर सञ्चार मन्त्रालयमा पठाइयो। त्यहाँ साहित्यमा ज्ञान भएकै व्यक्तिहरू थिए।'

मन्त्रालयले उनको गीतमा विद्रोही शब्द भेटेन। रिजालका अनुसार मन्त्रालयले भन्यो, 'गीतबारे बिन्ती पत्रमा गलत दाबी छ।' यो घटनाले निष्कर्ष रिजालको पक्षमा देखियो। जागिर पनि गएन, मृत्युदण्ड पनि भएन। तर, यसको बाछिटा प्रसारणमा देखियो।

त्यसबेला गीत प्रसारणको एक मात्रै माध्यम रेडियो नेपाल थियो। रेडियोले यही विवादका कारण लामो समय गीत बजाएन।

हाम्रा सर्जकहरूले भोगेका केही घटना दन्त्यकथा पढे झैं लाग्ने !

डिजिटल युगको विश्वसनीय आवाज
www .kankrebihar .com

सु.जि.प्र.का.द.नं. १३/२०५७/०५८
हु.नि.सु.द.नं. ०१/२०८२/०८३

# गाउँमा पहिलो पटक पुग्यो गाडी



❑ कांक्रेविहार संवाददाता
हुम्ला, १८ असार

बर्सौंअघि सडक सञ्जालसँग जोडिएको भए पनि यातायातको कुनै सुविधा नपुगेको  हुम्लाको दुर्गम मानिएको स्याँडागाउँमा पहिलो पटक गाडी पुगेको छ । सिमकोट गाउँपालिका-८ स्थित यो गाउँमा गाडी पुगेसँगै स्थानीयवासीमा हर्षोल्लास छाएको छ ।

पहिलो पटक आफ्नै गाउँमा गाडी देख्न पाउँदा उत्साहित भएका सर्वसाधारणले गाडी आएको दिन फूलमाला, बाजागाजासहित स्वागत कार्यक्रमको आयोजना गरेका थिए । गाउँपालिका कर्मचारी, जनप्रतिनिधि, चालक तथा निर्माणमा संलग्न व्यक्तिलाई स्थानीयले सम्मान गरेका थिए ।

कतिपयले यस क्षणलाई गाउँको इतिहासमै नयाँ अध्यायको सुरुवातका रूपमा समेत वर्णन गरेका छन् । बिरामीलाई स्वास्थ्य संस्थासम्म पुऱ्याउन, कृषि उत्पादन बजारसम्म लैजान तथा विद्यार्थीको आवतजावतलगायत अत्यावश्यक कामका लागिसमेत गाडी सुविधाले यस ठाउँमा ठुलो राहत पुग्ने छ । सिमकोटका आठ वटै वडा अब यातायातसँग जोडिए पनि हुम्लाका अधिकांश दूरदराजका वडामा गाडी पुगेको छैन । अहिले गाडी पुगेको स्याँडागाउँ कर्णाली नदीपारिको भौगोलिक हिसाबले अत्यन्तै विकट गाउँ हो । गाडी सुविधा नहुँदा यहाँका हजारौँ बासिन्दाले दशकौँसम्म पैदलयात्रा र घोडा, खच्चडको भरमा जीवनयापन गर्दै आएका थिए ।

विभिन्न कठिनाइका बाबजुद १० वर्षपछि यो वडा सडक पहुँचमा जोडिएकाले गाउँभरि नै खुसियाली छाएको स्थानीय बखत बुढाले बताए । सिमकोट गाउँपालिकाले आर्थिक वर्ष २०८२/८३ मा स्याँडा-याङ्गु सडकखण्डमा एक करोड १२ लाख रुपियाँ वजेट विनियोजन गरेपछि हाल गाउँमै गाडी पुग्न सुरु गरेको हो ।

स्थानीयले अब सडक सञ्जालनमा जोडिए पछि खाद्यान्न, निर्माण सामग्री, औषधी तथा अन्य अत्यावश्यक वस्तु सहज रूपमा गाउँसम्म पुग्ने अपेक्षा गरेका छन् ।

सडक निर्माणसँगै यातायातको सुविधाले अब गाउँको आर्थिक, सामाजिक र शैक्षिक विकासमा सकारात्मक प्रभाव पार्ने सिमकोट गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत भलाराम पङ्गालीले बताए ।

स्थानीयवासीले बर्सौंदेखिको सपना साकार भएको भन्दै सरकार निर्माणमा खटिएका प्राविधिक तथा श्रमिकप्रति आभार व्यक्त गरेका छन् । गाउँमा पहिलो पटक गाडी पुग्नु यातायातको सुविधा मात्र नभएर गाउँको विकास, अवसर र समृद्धिको नयाँ ढोका खुलेको वडा नम्बर आठका वडाध्यक्ष कमल बुढाले बताए ।

गाउँमा गाडी पुगेपछि स्थानीयमा नयाँ आशा जागेको छ । अब शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन तथा व्यापार व्यवसायका क्षेत्रमा थप सम्भावना सिर्जना हुने विश्वास गरिएको छ । गाउँलेले सडकको दिगो संरक्षण गर्दै विकासका आगामी योजनालाई पनि तीव्रता दिन सम्बन्धित निकायसँग आग्रह गरेका छन् ।

# सिलाइ मेसिन पाएपछि महिलामा स्वरोजगारको उत्साह

❑ कांक्रेविहार संवाददाता
सल्यान, १८ असार

वनगाड कुपिण्डे नगरपालिकाले महिलाको आर्थिक सशक्तीकरण तथा स्वरोजगार प्रवर्धन गर्ने उद्देश्यले सञ्चालन गरेको तीनमहिने एड्भान्स सिलाइ-कटाइ सिप विकास तालिम सम्पन्न भएको छ । तालिम सफलतापूर्वक पूरा गरेका सहभागी महिलालाई नगरपालिकाले सिलाइ मेसिन वितरण गरेको छ ।



नगरपालिकाका अनुसार एड्भान्स तालिममा सहभागी महिलाहरू यसअघि आधारभूत सिलाइ-कटाइ तालिम लिएर व्यवसाय सञ्चालन गरिरहेका थिए थप व्यावसायिक दक्षता अभिवृद्धि गर्ने उद्देश्यले एड्भान्स तालिम सञ्चालन गरिएको हो ।

वनगाड कुपिण्डे नगरपालिका-१ की हीरा रावतले तालिमबाट नयाँ डिजाइन तथा आधुनिक सिलाइ प्रविधि सिक्न पाएकाले आफ्नो व्यवसायलाई थप प्रभावकारी बनाउन सहज भएको बताइन । उनले भनिन, "अब ग्राहकको माग अनुसारका कपडा सिलाउन सक्ने आत्मविश्वास बढेको छ ।" त्यस्तै वडा नं. ४ की सिर्जना विष्टले एड्भान्स तालिमले आफ्नो सिपमा उल्लेखनीय सुधार ल्याएको बताइन । उनले भनिन्, "पहिले सामान्य सिलाइ मात्र गर्थें, अहिले नयाँ डिजाइनका पोसाक पनि बनाउन सक्ने भएकी छु । यसले आम्दानी बढ्ने विश्वास जागेको छ ।"

वडा नं. ३ की पूजा बस्नेतले तालिमसँगै सिलाइ मेसिन प्राप्त भएपछि व्यवसाय विस्तार गर्न थप सहज भएको प्रतिक्रिया दिइन् । उनले बताइन्, "सिप र आवश्यक उपकरण दुवै पाएपछि अब आफ्नै ठाउँमा व्यवस्थित रूपमा व्यवसाय सञ्चालन गर्ने योजना बनाएकी छु ।"

प्रशिक्षक सुजाता यरीले तीन महिनासम्म आधारभूतदेखि एड्भान्स स्तरसम्मको व्यावसायिक सिलाइ-कटाइ सीप प्रदान गरिएको जानकारी दिइन् । उनका अनुसार तालिममा आधुनिक डिजाइन, कटिङ, फिनिसिङ तथा व्यावसायिक व्यवस्थापनसम्बन्धी विषयसमेत समावेश गरिएको थियो । तालिम समापन तथा सिलाइ मेसिन वितरण कार्यक्रममा नगर प्रमुख कर्णबहादुर बुढाथोकीले सिकेको सिपलाई व्यवहारमा उतारेर स्वरोजगार र उद्यमशीलतामा जोडिन सहभागीहरूलाई आग्रह गरे । उनले बजारको मागअनुसार सिलाइ-कटाइ, प्लम्बिङ, वायरिङ, ब्युटिसियन, कृषि लगायतका सिपमूलक तालिम सञ्चालन गरी स्थानीय नागरिकलाई आत्मनिर्भर बनाउने अभियानलाई निरन्तरता दिइने बताए ।

नगर उपप्रमुख पुरुषोत्तम आचार्यले सिप विकासले महिलाको आर्थिक सशक्तीकरण र उद्यमशीलता विकासमा टेवा पुग्ने बताए । प्रमुख प्रशासकीय अधिकृत गोकर्ण पन्थीले तालिमलाई औपचारिकतामा सीमित नराखी सिकेको सिपलाई व्यवसायमा रूपान्तरण गर्नुपर्नेमा जोड दिए । उनका अनुसार स्थानीय आवश्यकता र बजारको माग अनुसार यस्ता कार्यक्रम आगामी दिनमा पनि सञ्चालन गरिने छ ।

घर घरमा हुलाक, मन मनमा हुलाक

छिटोछरितो, सस्तो, भरपर्दो र विश्वसनीय द्रुत हवाई डाँकसेवा (Air Ems) प्रयोग गरी चिठीपत्र, कागजात र सामानहरू स्वदेश तथा विदेशमा आदान-प्रदान गरौँ ।

हुलाक निर्देशनालय, सुर्खेत
सम्पर्क: ०८३-५२०२३४/०८३५२०१७५

## उद्योग खारेजीको सूचना

**सूचना प्रकाशित मिति : २०८३/०३/१९**

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत (साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म/हामी **श्री रमेश सुवेदी** धनी रहेको, **दर्ता नम्बर** १०१९४/०७९/०८० बाट **वीरेन्द्रनगर-६, सुर्खेत**मा संचालन हुने गरी दर्ता श्रेस्ता कायम रहेको **गायत्री सुनचाँदी रिफाइनरी एण्ड टन्च सेन्टर** नामको प्राइभेट साझेदारी उद्योग मेरो हाम्रो घरायसी/आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो ३५ (पैंतीस) दिने सूचना प्रकाशन गरिएको छ। यस उद्योगसँग कोही कसैको कुनै प्रकारको बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत समक्ष लिखित रुपमा दावी गर्न हुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ ।




कांक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोनः ०८३-५९०१११/९८५१३४४७५४/९८६४८८०६००, **Email :** ekankrebihardaily@gmail.com, **web :** kankrebihar.com
सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी,  मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)